प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, ईलाम
कोशी प्रदेश

प.सं- ०७९/०८०
च.नं- ४१९

Email: akcillam@gmail.com
फोन नं- ०२७-५२३०४६/०४७

मितिः २०८०।०३।०१

विषयः स्वीकृत तथा आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा।

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल।

प्रस्तुत विषयमा प्रदेश मल वितरण व्यवस्थापन समितिको गत मिति २०८०।०२।०१ गतेको वैठकको निर्णय अनुसार कृषि सामाग्री कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय विराटनगर मार्फत यस जिल्लालाई छुट्टिएको युरिया मल १०० मे.टन (५० के.जी को २००० बोरा) गत मिति २०८०।०२।०४ गते नै जिल्लाका सबै स्थानिय तहहरुलाई कोटा बाँडफाँड गरि पत्राचार समेत गरिएको तर केही स्थानिय तहका मल बिक्रेताहरुले (सहकारी) तोकिएको समय अर्थात मिति २०८० जेष्ठ १९ सम्म पनि मल नउठाएको साथै हाल कृषि सामाग्री कम्पनी लिमिटेड इलाम शाखाको गोदाममा युरिया मल ९६.८ मे.टन (१९३६ बोरा) र डि.ए.पी ४२.१५ मे.टन (८४३ बोरा) मौज्दात रहेको कृषि सामाग्री कम्पनी लि. शाखा कार्यालय बिर्तामोड झापाको गत मिति २०८०।०२।३१ च.नं २७१ को पत्रानुसार जानकारी प्राप्त भएकोले केही स्थानिय तहहरुमा मल अपुग भएको जानकारी प्राप्त हुन आएकोले सो मौज्दातमा रहेको मल कृषि सामाग्री कम्पनी लि. शाखा कार्यालय इलाम बाट नै पुनहः उठाउने व्यवस्थाको प्रयोजानार्थ कृषि ज्ञान केन्द्र, इलामलाई पुनहः कोटा बाँडफाँडको लागि तहाँ मन्त्रालयबाट स्वीकृत तथा आवश्यक सहजिकरण गरिदिन हुन अनुरोध छ। साथै, कृषि सामाग्री कम्पनि लि. शाखा कार्यालय विर्तामोड झापा र मल अपुग हुने स्थानिय तहहरुबाट प्राप्त पत्रको छाँया कपि समेत यसै पत्रसाथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ।

(टोनी बर्देवा)
टोनी बर्देवा
**निमित्त प्रमुख**

बोधार्थः
१. कृषि सामाग्री कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय, विराटनगर।
२. जिल्ला प्रशासन कार्यालय, इलाम।
३. स्थानिय तहहरु (इलाम न.पा, देउमाई न.पा, माईजोगमाई गा.पा र सन्दकपुर गा.पा)

नोटः माइ न.पा, रोङ गा.पा, चुलाचुली गा.पा र सूर्योदय न.पा ले कृषि सामाग्री कम्पनी लि. शाखा कार्यालय विर्तामोड बाट नै मल उठाएको र बाँकी दुई वटा स्थानिय तहहरु ( फाकफोकथुम गा.पा र माङ्सेबुङ गा.पा को हकमा कुनै पनि बिक्रेताहरु सम्वन्धित कार्यालयमा दर्ता नभएको जानकारी प्राप्त)

# कृषि सामग्री कम्पनी लिमिटेड

KRISHI SAMAGRI COMPANY LTD.
(An Undertaking of Government of Nepal)
शाखा कार्यालय, बिर्तामोड
कोशी प्रदेश

प.सं. २०७९/८०
च.नं 269

फोन/फ्याक्स : ०२३-५३०००५
मिति : २०८०/०२/३१

श्री कृषि ज्ञान केन्द्र,
इलाम ।

कृषि ज्ञान केन्द्र, इलाम
दर्ता नं....३८२....
दर्ता मिति....२।३१...

विषय : जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयबाट टेलिफोन संवाद मार्फत जानकारी माग भए बमोजिम आ व. २०७९/८० का लागी विभिन्न मितिमा माङसेबुङ, सन्दकपुर, रोङ, चुलाचुली, माईजोगमाई, लगायतका पालिकाहरुलाई मलको कोटा छुट्याइएको तर निर्धारित समयमा मल लिन नआएको कारणले शाखा कार्यालय, इलामको गोदाममा युरिया मल ९६.८०० मे. टन. र डिएपी मल ४२.१५० मे. टन. मौज्दात रहेको जानकारीको लागी अनुरोध छ । साथै सन्दकपुर गाँउपालिका बाट कुनै पनि संस्थाहरु मल विक्रेताका रुपमा यस कम्पनिमा दर्ता नभएको जानकारी गराइन्छ ।

(नारायण टुडू)
का. मु. शाखा प्रबन्धक

श्री प्रशासन
दर्ता
२०८०।०२।३१

"समुन्नत इलाम सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Green Ilam

पत्र संख्या: ०७९/८० ( कृषि विकास शाखा )
च.नं : ३६९०

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८०।०२।३०

विषय : रासायनिक मल उपलब्ध सम्बन्धमा ।

श्री कृषि ज्ञान केन्द्र,
इलाम ।

कृषि ज्ञान केन्द्र, इलाम
दर्ता नं. ३७९
दर्ता मिति २/३१

प्रस्तुत विषयमा,इलाम जिल्लाको स्थानीय निकायहरुका विभिन्न पालिकाहरुमा कोटा अनुसार छुट्टाइएको रासायनिक मल कृषि सामाग्री कम्पनी लि. इलामको गोदामबाट नउठाएको हुदा स्टकमा रहेको रासायनिक मल मध्येबाट १५०० बोरा युरिया, १००० बोरा डी.ए.पी. र ५ बोरा पोटास रासायनिक मल इलाम नगरपालिकालाई उपलब्ध गराइदिनहुन अनुरोध छ ।

बोधार्थः
श्री कृषि सामाग्री कम्पनी लिमिटेड,इलाम ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

श्री विशेषज्ञ सेवा शाखा
परिपत्र अनुसार स्टकमा रहेको रासायनिक मल नगरपालिकालाई (इलाम) उपलब्ध गराउन कृषि सामग्री कम्पनी लि. इलाम शाखालाई पत्राचार गर्नुहुन।
२०८०।०२।३१

Phone No:- ०२७-५२००९७, ०२७-५२००३१, website:- www.ilammun.gov.np
Email:-info@ilammun@gov.np, mun.ilam@gmail.com

# देउमाई नगरपालिका
# Deumai Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the municipal executive
मंगलबारे, इलाम, कोशी प्रदेश, नेपाल
Mangalbare, Ilam, Koshi Province, Nepal
( कृषि विकास शाखा )


पत्र संख्या: ०७९/८०
च. नं.: २६३

मिति: २०८०-०२-३१

विषय: सिफारिस गरिएको सम्बन्धमा ।

श्री कृषि सामग्री कम्पनी लि.
शाखा कार्यालय, इलाम ।

कृषि ज्ञान केन्द्र, इलाम
दर्ता नं.....२८३.......
दर्ता मिति....३।१.....

प्रस्तुत विषयमा इलाम जिल्ला देउमाई नगरपालिकामा रहेका मल बितरक सहकारीहरुमा तपसिलको रसायनिक मलको अभाव भएकोले कृषकलाई खेती गर्न समयमा मल नपाएको हुँदा तहाँको कार्यालयमा स्टकमा रहेको रसायनिक मल भए नियमानुसार उपलब्ध गराइ दिनुहुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

<u>तपसिल</u>

२०० बोरा डी.ए.पी. मल
६०० बोरा युरिया

बोधार्थ
श्री कृषि ज्ञान केन्द्र, इलाम ।

[signature]

रामचन्द्र कट्टेल
शाखा प्रमुख

श्री विक्रेता सेवा शाखा
परिपत्र भए अनुसार कृषि
सामग्री कम्पनी लि. इलाम
शाखालाई परिपत्र गर्दछु।
[illegible signature]
२०८०।०३।०१